कार्यपालिका बैठक संख्या : १४५
बैठक मिति : २०८२/०३/०९, सोमबार
नेपाल सम्बत् ११४५ तछलागा त्रयोदशी
अध्यक्षता : नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं.: १**

इटहरी उपमहानगरपालिका वडा नं. ४ मा रहेको प्रस्तावित मंगल राधिका सदानन्द प्रणामी हस्पिटल दर्ता, अनुमतिका लागि निवेदन माग भएको अवस्थामा स्वास्थ्य दर्ता, अनुमति तथा नविकरण सम्बन्धि नियमावलीको अनुसुची-१ अनुसारको यस कार्यालयबाट भएको स्थलगत निरिक्षणबाट अनुगमन प्रतिवेदन समेत प्राप्त भएकोले अनुगमन टोलीको निस्कर्ष सुझाव अनुसारको मापदण्ड आगामी ३ (तीन) वर्षभित्र पूरा गर्ने गरी उक्त हस्पिटलको तर्फबाट प्रतिबद्धता लिई मंगल राधिका सदानन्द प्रणामी हस्पिटल संचालनका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.: २**

इटहरी उपमहानगरपालिका वडा नं. ५ को जनता बस्तीमा बिगत लामो समयदेखि बसोबास गर्दै आएका व्यक्ति/परिवार वा संघसस्थालाई नगरकार्यपालिकाको कार्यालयद्वारा गठित कार्यदलबाट प्राप्त प्रतिवेदन मा उल्लेख भएका घर परिवारलाई स्थायी बसोबास निस्सा प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.: ३**

इटहरी उपमहानगरपालिका वडा नं. १७ मा रहेको श्री पकली माध्यमिक विधालयले २० कोठे नयाँ पक्की भवन निर्माण गर्नका लागि भारतीय राजदुतावास बिकास साझेदारी एंव पुन निर्माण कार्यक्रममा साझेदारीका लागि उक्त भवन निर्माणको लागत स्टिमेटको १० (दश) प्रतिशत लागत सहभागिता उपनगरपालिकाले व्यहोर्ने गरी सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं.: ४**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको स्वामित्वमा रहेको सवारी साधन, मेशीनरी उपकरणलाई व्यबस्थित ढंगबाट सञ्चालन गर्नका निम्ती इटहरी उपमहानगरपालिकाको मेशीनरी उपकरण सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ५**

विश्व बैंकको सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अनतर्गत यस उप-महानगरपालिकामा संचालित "Upgradation of Jutbikash Chowk (Mahendra Highway)-Taltaliya Road and Bargachhi Chowk (Koshi Highway)-Mahendra School- Taltalatiya Road, Itahari" Contract Identification No.:- NP-DUDBC-395571-CW-RFB को निर्माण कार्य भईरहेकोमा केहि थप काम गर्नुपर्ने भई Design and Supervision Consultant बाट VO-1 तयार गरि यस उप-महानगरपालिकामा पेश भए बमोजिम साविक ठेक्का अंक 73,80,12,476.57 मा VO-1 बमोजिम रु. 1,09,240,943.66 थप अर्थात VO-1 अनुसार 14.802% थप भई VO-1 पछिको ठेक्का अंक रु. 84,72,53,420.23 हुने गरिको पहिलो भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ६**

इटहरी उपमहानगरपालिकाको गत विगत एवं चालु आर्थिक वर्ष २०८१।०८२ मा ठेक्का सम्झौता भई सञ्चालन भएका योजनाहरुको सम्झौता अवधि चालु आर्थिक वर्ष २०८१।०८२ को समायवधी २०८२ असार मसान्तसम्ममा समाप्त हुने र योजनाहरु सम्पन्न हुने अबस्था नरहेकोले यस उपमहानगरपालिका भौतिक पूर्वाधार विकास समितिको सिफारिसको आधारमा आगामी आर्थिक वर्ष २०८२।०८३ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

चालु आ.व. २०८१/०८२ का लागी स्वीकृत तपशिल बमोजिमका आयोजनाहरुको तपशिल बमोजिम संशोधन गरि अनुमोदनका लागी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| स्विकृत योजना विबरण | | | | | संशोधन भएको | | |
|---|---|---|---|---|---|---|---|
| | स्वीकृत योजना | योजनाको प्रकार | विनियोजित वजेट | वडा नं. | संसोधन | विनियोजित बजेट | वडा नं |
| २. | रोटरी क्लव भवन निर्माण | नगरस्तरिय | १५००००० | ५ | रोटरी क्लव भवन निर्माण | १५००००० | १६ |
| ३. | निसहाय वालआश्राम भवन निर्माण | नगरस्तरिय | २०००००० | ४ | निसहाय वालआश्राम भवन निर्माण | २०००००० | १ |
| ४. | चर्च मर्मत सम्भार | नगरस्तरिय | ३०००००० | | ज्योति चर्च इटहरी | ३००००० | ३ |
| | | | | | सिलोआम चर्च इटहरी | ३००००० | ४ |
| | | | | | सियोन मेथोडिस्ट चर्च इटहरी | ३००००० | २ |
| | | | | | न्यु लाइफ पेन्टिकोस्टल चर्च अमाहा इटहरी | ३००००० | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बेथेस्दा चर्च इटहरी | ३००००० | २० |
| | | | | | अर्पन नाजिरिन मण्डली इटहरी | ३००००० | १० |
| | | | | | एलोहिम चर्च इटहरी | ३००००० | १० |
| | | | | | इटहरी नाजिरिन चर्च इटहरी | ३००००० | १६ |
| | | | | | सोनापुर बेथेल बप्तिस मण्डली इटहरी | ३००००० | १३ |
| | | | | | शालोम ए.जी.आराधाना केन्द्र इटहरी | ३००००० | ८ |

## निर्णय नं. ८

यस इटहरी उपमहानगरपालिकाको मिति २०८१।०२।३२ र मिति २०८१।०८।२७ गतेको सूचना अनुसार कर्मचारी तह बृद्धि/बढुवा समितिको मिति २०८१।१०।२९ गते, मिति २०८१।१०।०१ गते र २०८२।१०।०२ गते भएको सिफारिस अनुसार मिति २०८१।१०।०७ गते र मिति २०८१।११।०१ को नगर प्रमुखस्तरीय निर्णय अनुसार तह बृद्धि भएका देहाय अनुसारका कर्मचारीहरुको तह बृद्धि निर्णय अनुमोदन गरियो ।

देहाय

**सेवा समुहः स्थानीय इन्जिनियरिङ्ग/सिभिल तहबृद्धि हुने तहः आठौं**

| क्र.सं. | कर्मचारीको नाम | साविकको सेवा/समुह | साविकको पद/तह | तहबृद्धि हुने सेवा/पद/तह | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|
| १ | श्री आषिस निखिल साह | स्थानीय इन्जिनियरिङ्ग सेवा | अधिकृत सातौं | स्थानीय इन्जिनियर | २०८१/१०/०१ |
| २ | श्री सुवास गिरी | स्थानीय इन्जिनियरिङ्ग सेवा | अधिकृत सातौं | स्थानीय इन्जिनियर | २०८१/१०/०१ |

**सेवा समुहः स्थानीय प्रशासन/सामान्य प्रशासन तहबृद्धि हुने तहः आठौं**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री सन्तोष ढकाल | स्थानीय प्र., सामान्य प्रशासन | अधिकृत सातौं | स्थानीय प्र., सामान्य प्रशासन | २०८१/१०/०१ |
| २ | श्री संगीता पोखेल | स्थानीय प्र., सामान्य प्रशासन | अधिकृत सातौं | स्थानीय प्र., सामान्य प्रशासन | २०८१/१०/०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री जीवन घिमिरे | स्थानीय प्र., सामान्य प्रशासन | अधिकृत सातौं | स्थानीय प्र., सामान्य प्रशासन | २०८१/१०/०१ |

**सेवा समुहः स्थानीय प्रशासन/सामान्य प्रशासन तहबृद्धि हुने तहः छैटौं**

| क्र.सं. | नाम | साविकको पद | | | तहबृद्धि हुने | | | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | समुह | पद र तह | सेवा | समुह | पद/तह | |
| १ | गोपाल प्रसाद कोइराला | स्थानीय प्र. | सा.प्र. | सहायक पाँचौ | स्थानीय प्र. | सा.प्र. | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |
| २ | स्वदेश खनाल | स्थानीय प्र. | सा.प्र. | सहायक पाँचौ | स्थानीय प्र. | सा.प्र. | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |
| ३ | दिपेन्द्र कार्की | स्थानीय प्र. | सा.प्र. | सहायक पाँचौ | स्थानीय प्र. | सा.प्र. | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |
| ४ | पुस्तका शर्मा | स्थानीय प्र. | सा.प्र. | सहायक पाँचौ | स्थानीय प्र. | सा.प्र. | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |

**सेवा समुहः स्थानीय प्रशासन/लेखा तहबृद्धि हुने तहः छैटौं**

| क्र.सं. | नाम | साविकको पद | | | तहबृद्धि हुने | | | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | समुह | पद र तह | सेवा | समुह | पद/तह | |
| १ | श्री कृष्ण खड्का | स्थानीय प्र. | लेखा | सहायक पाँचौ | स्थानीय प्र. | लेखा | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |
| २ | श्री सञ्जय मेहता | स्थानीय प्र. | लेखा | सहायक पाँचौ | स्थानीय प्र. | लेखा | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |
| ३ | श्री सावित्रा खड्का | स्थानीय प्र. | लेखा | सहायक पाँचौ | स्थानीय प्र. | लेखा | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |
| ४ | श्री बादल कुमार नेपाली | स्थानीय प्र. | लेखा | सहायक पाँचौ | स्थानीय प्र. | लेखा | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री शर्मिला पाखेल | स्थानीय प्र. | लेखा | सहायक पाँचौ | स्थानीय प्र. | लेखा | अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |

**सेवा समुहः स्थानीय प्रशासन/आ.ले.प. तहबृद्धि हुने तहः छैटौं**

| क्र.सं. | नाम | साविकको पद | | | तहबृद्धि हुने | | | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | समुह | पद र तह | सेवा | समुह | पद/तह | |
| १ | ज्योती पाठक | स्थानीय प्र. | आलेप | सहायक पाँचौ | स्थानीय प्र. | लेखा | आलेप अधिकृतस्तर छैटौं | २०८१/१०/०१ |

**सेवा समुह : स्थानीय स्वास्थ्य/हे.इ. तहबृद्धि हुने तहः छैटौं**

| क्र.सं. | कर्मचारीको नाम, थर | साविकको पद | | | तहबृद्धि हुने | | | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | समूह | पद र तह | सेवा | समूह | पद र तह | |
| १ | श्री एकराज तिवारी | स्थानीय स्व. | हे.ई. | सि.अ.हे.ब. पाँचौं | स्थानीय स्वा. | हे.ई. | सि.अ.हे.ब. छैटौं | २०८१।०४।०१ |
| २ | श्री कल्पना पहाडी | स्थानीय स्वा. | हे.ई. | सि.अ.हे.ब. पाँचौं | स्थानीय स्वा. | हे.ई. | सि.अ.हे.ब. छैटौं | २०८१।०४।०१ |
| ३ | श्री पार्वती विष्ट | स्थानीय स्वा. | हे.ई. | सि.अ.हे.ब. पाँचौं | स्थानीय स्वा. | हे.ई. | सि.अ.हे.ब. छैटौं | २०८१।०४।०१ |

**सेवा समुह : स्थानीय स्वास्थ्य/प.हे.न. तहबृद्धि हुने तहः छैटौं**

| सं. | कर्मचारीको नाम, थर | साविकको पद | | | तहबृद्धि हुने | | | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | समूह | पद र तह | सेवा | समूह | पद र तह | |
| १ | श्री शोभा कार्की | स्थानीय स्व. | प.हे.न | सि.अ.न.मी. पाँचौ | स्थानीय स्वा. | प.हे.न | सि.अ.न.मी. निरीक्षक छैटौं | २०८१।०४।०१ |
| २ | श्री विनु श्रेष्ठ | स्थानीय स्व. | प.हे.न | अ.न.मी. पाँचौ | स्थानीय स्वा. | प.हे.न | सि.अ.न.मी. निरीक्षक छैटौं | २०८१।०४।०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | श्री गंगा देवी गौतम | स्थानीय स्व. | प.हे.न | सि.अ.न.मी. पाँचौ | स्थानीय स्वा. | प.हे.न | सि.अ.न.मी. निरीक्षक छैटौं | २०८१।०४।०१ |
| ४ | श्री टिकामाया श्रेष्ठ | स्थानीय स्वा. | प.हे.न | सि.अ.न.मी. पाँचौ | स्थानीय स्वा. | प.हे.न. | सि.अ.न.मी. निरीक्षक छैटौं | २०८१।०४।०१ |

**निर्णय नं. ९**

कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अनुसार तहबृद्धिको सिफारिस गर्न ऐै. ऐनको दफा २७ को उपदफा (४) मा रहेको व्यवस्था बमोजिम देहाय बमोजिमको सदस्य रहने गरी प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा तहबृद्धि सिफारिस समिति  गठन गर्ने निर्णय गरियो ।

सदस्य: श्री सुर्य प्रसाद सुवेदी, उपसचि (शिक्षा)

सदस्य: श्री उमादेवी शर्मा अधिकारी, अधिकृतस्तर आठौं

**निर्णय नं. १०**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ८ को उपदफा १६ बमोजिम तहवृद्धीबाट लाभान्वित हुन बाकी रहेका र अन्य तहका यस उपमहानगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको तहवृद्धी चालु आर्थिक वर्ष २०८१/०८२ भित्र सम्पन्न गर्ने गरी सोही ऐनको दफा २७ को उपदफा ४ अनुसार गठित इटहरी उपमहानगरपालिकाको तहबृद्धि समितिलाई र अख्तियारवालालाई सम्वन्धित कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि/बढुवा गरी अनुमोदनका लागि कार्यपालिकामा पेश गर्नका निम्ती निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस इटहरी उपमहानगरपालिकामा कानून अधिकृत सातौ तहमा कार्यरत कर्मचारी कमल प्रसाद पोखेल (क.सं.नं.२३५२६४) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/०५/२० गते को निर्णयानुसार बारा जिल्ला कलैया उपमहानगरपालिका र यस इटहरी उपमहानगरपालिकाको दोहोरो सहमतिमा यस कार्यालयको रिक्त दरवन्दीमा कामकाज सरुवा भई मिति २०७९/०६/०९ गते देखि कार्यरत रहिरहेकोमा कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) अध्यादेश २०८०, बमोजिम मिति २०८०/०१/२० गते छैठौ तहबाट सातौ तहमा तहबृद्धि समेत भई सकेको साथै कलैया उपमहानगरपालिबाट मिति २०८१/०८/१० गते नियुक्ति मितिदेखि जेष्ठता कायम हुने गरि सातौं तहमा तह मिलान भएको सन्दर्भमा कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन,

२०८० अन्तर प्रदेश सरुवाको विषयमा मौन रहेको अवस्थामा कर्मचारीको तहबृद्धि, बढुवा लगायत बृत्ति विकास पदाधिकार रहेकै कार्यालयमा मात्र हुने भएकोले निज कर्मचारी कमल प्रसाद पोखेललाई रिक्त स्वीकृत दरवन्दीमा सरुवा हुनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा यस कार्यालयबाट सहमति दिई काज सरुवा भई कार्यरत रहेको र निज कर्मचारी लाई हाल फिर्ता पठाउँदा उपमहानगरको कार्य सम्पादनमा प्रत्यक्ष असर पर्ने साथै दरवन्दी रिक्त भई पुनः प्रदेश लोकसेवा आयोगमा पदपूर्तिका लागि माग गर्नु पर्ने तथा माग भएपछि पनि पदपूर्ति भई नयाँ कर्मचारी आउन समेत लामो समय लाग्ने साथै पदपूर्तिको कार्य पददर्ता भएपछि मात्र अगाडी बढ्ने भएकोले पददर्ताको कार्य हाल सम्म पनि हुन नसकेको र निज कर्मचारी स्विीकृत दरवन्दीमा कार्यरत रहेको हुँदा यस कार्यालयलाई अतिरिक्त आर्थिक व्ययभार समेत नपर्ने एवम् निज सरुवा भई आएको कार्यालयको दरबन्दी रिक्त नभएकोले फिर्ता पठाउन पनि नसकिने तथा कामकाज सरुवा भएको लामो समयसम्म पनि सम्वन्धित प्रदेश सरकारको मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समेत काम काजमा रहेको कर्मचारीको व्यवस्थापन नभएको कारण कर्मचारीको सेवा सुविधा एवं बृत्ति विकासमा समेत असर पर्ने भएकोले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०, बमोजिम बृत्ति विकासको विषयलाई निरन्तरता दिन निज कर्मचारी कमल प्रसाद पोखेललाई यस कार्यालयमा रिक्त न्याय सेवा, कानून समुहको दरवन्दीमा अधिकृत सातौ तहमा पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

चालु आ.व. २०८१/०८२ का लागी स्वीकृत भौतिक पूर्वाधार तर्फका कार्यक्रम तथा आयोजनाहरुको मिति २०८२ जेष्ठ मसान्तसम्म कार्य सम्पन्न हुने समायवधि राखी उपभोक्ता समितिसँग सम्झौता भएकोमा सम्झौता अवधिभित्र कार्य सम्पन्न नभएका वडा तथा नगरस्तरीय आयोजनाहरुको सम्बन्धित वडा समितिको निर्णयको आधारमा चालु आ.व.को आषाढ २० गतेसम्मको कार्य सम्पन्न म्याद थप गर्ने निर्णय गरियो । साथै थप भएको म्यादभित्र कार्य सम्पन्न भएका आयोजनाहरुको भुक्तानी दिने निर्णय गरियो । एवं देहाय बमोजिमको गत विगत आ.ब.का योजनाहरुको समेत म्याद थप र भुक्तानी दिने निर्णय गरियो ।

**<u>देहाय</u>**

(क) गत आ.ब. २०८०/०८१ को उपभोक्ता समिति मार्फत संचालित संघीय आयोजना सुनसरी नहर ट्रष्ट पुल निर्माण कार्यको प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन तथा मुल्यांकन अनुसार चालु आ.ब. २०८१/०८२ को आषाढ २० गते सम्मको कार्य सम्पन्न म्याद थप सहित भुक्तानी दिने निर्णय गरियो ।

(ख) विगत आ.ब. २०७९/०८० को जनता माध्यामिक विद्यालय ब्यवस्थापन समितिबाट संचालित संघीय आयोजना जनता माध्यामिक विद्यालय ब्यवस्थापन कार्यको चालु आ.ब. २०८१/०८२ को आषाढ २० गते सम्मको कार्य सम्पन्न म्याद थप सहित संझौता, प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन तथा मुल्यांकन अनुसार उपमहानगरपालिकाले ब्यहोर्ने रकम फुकुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरु, इटहरी अस्पताल, सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत सबै तहका कर्मचारीहरुको नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झैता सम्बन्धि मापदण्ड, २०७८ बमोजिम भई आए अनुसार २०८२ साउन १ गते देखी २०८२ पुस मसान्तसम्म ६ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो । साथै म्याद थप हुने कर्मचारीहरुको नामावली प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखाले अनुसूचि तयार गरी राख्नेछ ।

**निर्णय नं. १५**

घर नक्सा निर्माण एवं अभिलेखिकरण सम्बन्धमा आइपरेका समस्या एवम् कठिनाई पहिचान गरी समस्या समाधानका उपायहरु सम्बोधन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा घरनक्सा शाखा प्रमुख र कानून शाखा प्रमुख सदस्यरहने गरी एक समिति गठन गरि ७ (सात) दिनभित्र प्रतिवेदन पेश गर्ने गरी जिम्मेबारी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

संविधान र कानून अनुसार स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका विषयहरुसंग सम्बन्धित इटहरी उपमहानगरपालिकाको लागि आवश्यक पर्ने ऐन निर्माण तथा कार्यान्वयनमा रहेका ऐनहरु संशोधनका लागि नगरसभामा विधेयक पेश गर्नका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

इटहरी उपमहानगरपालिकामा कार्यरत अधिकृतस्तर छैटौं तहमा कार्यरत कर्मचारी सस्मिता लुइँटेलले असाधारण विदा माग गरेको निवेदन सम्बन्धमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२१ को उपदफा (१) अनुसार मिति २०८१ चैत्र २ गतेदेखि लागु हुने गरि ऐ. ऐनको उपदफा (२) अनुसार हुने गरि १ (एक) वर्षका असाधारण विदा दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

नेपाल सरकार तथा प्रदेश सरकारबाट यस उपमहानगरपालिकालाई प्राप्त वित्तिय समानिकरण अनुदानको चौथौ त्रैमासिक रकम निकाशा भएको र श्रोत बमोजिम खर्च गर्नका लागि नमिल्ने देखिएको हुँदा श्रोत समायोजन गरी वा सार्वजनिक निर्माण (अवण्डा) मा विनियोजित खर्च शिर्षकबाट खर्च गर्ने वा अन्य कुनै बिकल्प प्रयोग गरी उपभोक्ता समिति लगायतका अन्य संघसंस्थाहरुको भुक्तानी गर्न मिति २०८२।०२।०८ गते नगर प्रमुखको अध्यक्षतामा बसेको बैठकले आर्थिक प्रशासन शाखालाई निर्देशन दिने भनि भएको निर्णय बमोजिम भएका खर्चको भुक्तानीहरु कार्यपालिकाबाट अनुमोदन गरी आगामी नगरसभामा पेश गर्ने निर्णय  गरियो ।

**निर्णय नं. १९**

मिति २०८१ फागुन १३ मा नगर उपप्रमुख श्री संगीता कुमारी चौधरीज्यूको संयोजकत्वमा "स्थानीय गुनासो सुनवाई सहजीकरण समिति" ले गरेको ५ (पाच) वटा निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस इटहरी उपमहानगरपालिकामा कार्यरत अस्थायी, करार सेवा, मासिक ज्यालादारी र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीले नेपाल सरकारले तोके बमोजिमको तलब स्केल दिने सम्बन्धमा प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखाले कर्मचारीको तह, पद, संख्या लगायतका विषयमा अध्ययन गरि अनुमानित व्ययभार समेत आँकलन गरी आगामी कार्यपालिकामा प्रदिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

बेरुजू फर्छ्यौटको निमित्त समपरिक्षण गर्न, व्यक्तिगत बेरुजु असुल उपर गर्ने लगायत कार्य गर्न अवकास प्राप्त २ (दुई) जना विषय बिज्ञलाई करारमालिई बेरुजु फर्छ्यौट शाखा स्थापना गरि प्रभावकारी रुपमा बेरुजु फर्छ्यौट कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

इटहरी उपमहानगरपालिकाको नगरसभाद्वारा ससर्त बाहेकका स्वीकृत भएका योजनाहरु सञ्चालन गर्दा गरिव, विपन्न, दलित र सामुदायिक विधालय सार्वजनिक बाटो जग्गा कुलो पैनी परेका स्थानको लागत सहभागित छुट गरी न्यूनतम शून्य प्रतिशत लागत सहभागितामा योजनाको सम्झौता र भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

इटहरी उपमहानगरपालिकाको लागी आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट सौह्रौ नगरसभामा पेश गर्नका निम्ती स्वीकृत प्रदान गर्ने निर्णय गरियो । साथै अर्थ विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ समेत सोह्रौ नगरसभामा प्रस्तुत गर्ने स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

इटहरी उपमहानगरपालिका वडा नं. ३ निवासी राममाया तामाङको भान्सा सहित गोठमा आगलागि भै खसी, बाखा, सुङ्गुर सहितको क्षति भएकोले ३ नं. वडाको चालु आर्थिक बर्ष २०८१/०८२ को वडास्तरीय बजेटबाट रु १ (एक) लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २५**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगका लागि माग भई आएका निवेदनहरु नगर प्रमुखले आवश्यकता, औचित्य र उपमहानगरपालिको आर्थिक सामर्थको आधारमा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| **क्र.सं** | **ब्यक्ति वा संस्थाको नाम** | **ठेगाना** | **आर्थिक सहायताको विवरण** | **आर्थिक सहयोग रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सिल्टी चौधरी | वडा नं.- ०२, इटहरी | पक्षघात भई टाउकोमा रगत जमेको | ५०,०००। | |
| २ | विष्णु बहादुर श्रेष्ठ | वडा नं.- ०२, इटहरी | आगालागि | ४०,०००। | |
| ३ | युद्ध कुमार नेपाल | वडा नं.- १२, इटहरी | दुर्घटना | ५०,०००। | |

**निर्णय नं. २६**

इटहरी उपमहानगरपालिकाको बिभिन्न सेवामा कार्यरत कर्मचारीहरु किसन डोम, कृष्ण चौधरी र दिप प्रकाश राईले नगरप्रहरी सम्बन्धि आधारभुत तालिम प्राप्त गरी २०८०/०८/०७ देखि नै नगर प्रहरी सेवामा कार्यरत रही रहेकोहुँदा निजहरुलाई नगरप्रहरी सेवा अन्तर्गत नगर प्रहरी जवान पदमा सोही मिति देखि नै लागु हुने गरी सेवा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

पूर्व पश्चिम राजमार्गको ६ लेन सडक बिस्तार तथा निर्माण गर्ने आयोजना अन्तर्गत इटहरी ५, १६ र १७ को सिमाना पर्ने सुकमारी खोलामा निर्माण भई रहेको पुल/ कल्भर्ट साविकको भन्दा कम उचाई र चौडाई भएको पाइएको हुँदा बाढीको समयमा उक्त कल्भर्ट/पूलले पानीको प्राकृतिक वाहाव थाम्न नसक्ने र राजमार्ग भन्दा उत्तर तर्फको बस्तीहरुमा डुवान र संरचना समेत क्षति हुने भएकोले त्यस कल्भर्ट/पुलको निर्माण कम्तिमा न्यूनतम साविकको कल्भर्ट/पुल को चौडाई र उचाईमा निर्माण गर्नका निम्ति सडक आयोजना कार्यालयलाई ध्यान आकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौंको २०८१/०३/१० को च.नं.७२७९६ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाण्डौं लाई पठाएको पत्रानुसार नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरु लगायत सरकारी निकायहरुले प्रचलित कानून बमोजिम आफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रकृयाहरु थालनी नगर्न नगराउन हुन तथा नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रकृया अगाडी बढाउनु पूर्व भूमि सम्बन्धी प्रचलित कानूनको अलवा अन्य नेपाल सरकारको प्रचलित कानूनको पूर्ण पालना गर्न गराउन हुन भनि लेखि आएको हुँदा अब उप्रान्त यस उपमहानगरपालिकाले स्वीकृत गरेका योजनाहरु मध्ये नेपाल सरकार अन्य सरकारी कार्यालयको नाउँमा रहेको जग्गामा योजना संचालन गर्दा सम्वन्धीत निकाय/कार्यालयहरु संग पूर्व स्वीकृती लिई त्यस्ता योजनाहरु संचालन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. २९**

चालु आ.व. २०८१/०८२ का लागी स्वीकृत सामाजिक विकास अन्तरगतका शिक्षा, स्वास्थ्य, आदिवासी, जनजाति, इसाई शिर्षकका नगर तथा वडा स्तरीय पुर्वाधर तर्फका योजनाहरु लागत स्टिमेट र वडा कार्यालयको सम्झैताको सिफारिस सहित योजना सम्झैताका लागि पेश हुन आएका पुर्वाधार निर्माणका योजनाहरु २०८२ को असार मसान्तसम्म सम्पन्न गर्ने अन्तिम म्याद राखी २०८२ आषाढ २० गतेसम्म सम्झैता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

विश्व बैंकको सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अनतर्गत यस उप-महानगरपालिकामा संचालित "Upgradation of Jutbikash Chowk (Mahendra Highway)-Taltaliya Road and Bargachhi Chowk (Koshi Highway)-Mahendra School- Taltalatiya Road, Itahari" Contract Identification No.:- NP-DUDBC-395571-CW-RFB को निर्माण योजना अन्तरगतको लागत स्टमेट अनुसारको कन्टेन्जेन्सी शिर्षकको रकम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

इटहरी उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था मार्फत आ.व. २०८१।०८२ को माघ महिनादेखि बैशाख महिना सम्म संचलन गरेको पुर्णखोप घरदैलो अभियान तथा खोप र खोज अभियान मार्फत प्राप्त तथ्यांक अनुसार नियमित तथा खोजिकार्य गर्दा पाइएका सबै बच्चाहरुले जन्मदेखी १५ महिना भित्र लगाउने सबै खोप पुरा गरेको पाइएको हुदाँ यस उपमहानगरपालिकालाई पुर्णखोप सुनिश्चितता भएको प्रमाणिकरणको लागि जिल्ला खोप समन्वय समिति सुनसरीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

वडा कार्यालयहरुबाट सिफारिस भएर आएका सूचिकृत कृषकहरुको नामावली स्वीकृत गरी कृषि तथा पशुपन्छी बिकास मन्त्रालय सिंहदरवार काठमाण्डौंमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस इटहरी उपमहानगरपालिकाको वारुण यन्त्रमा कार्यरत कर्मचारी जमदार राजकुमार तामाङको मिति २०८२।०२।१३ गते असामयिक निधन भएकोले शोक प्रस्ताव पारित गर्दै शोक सन्तप्त परिवारजनलाई गहिरो समवेदना दिँदै मृतक राजकुमार तामाङको परिवारलाई रु १ (एक) लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।